# वित्त कम्पनी सुपरिवेक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०६९/७०

**(2012/13)**

# नेपाल राष्ट्र बैंक

## वित्त कम्पनी सुपरिवेक्षण विभाग

## २०७० असार

# विषय-सूची

## खण्ड (क)
## समग्र वित्तीय स्थिति

१. नियमन व्यवस्था ........ ६

२. वित्तीय परिसूचकहरु ........ ८

## खण्ड (ख)
## स्थलगत निरीक्षण

१. समष्टिगत स्थलगत निरीक्षण सम्पन्न गरिएका वित्त कम्पनीहरु ........ ८

## खण्ड (ग)
## गैरस्थलगत सुपरिवेक्षण

१. वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका निर्देशनहरु ........ ११

## खण्ड (घ)
## लक्षित, विशेष तथा अनुगमन निरीक्षण

१. लक्षित निरीक्षण ........ २९

२. विशेष निरीक्षण ........ २९

३. अनुगमन निरीक्षण ........ ३०

## खण्ड (ङ)
## कार्यान्वयन

१. निर्देशन तथा कारवाहीहरु ........ ३२

## खण्ड (च)
## नीति, योजना र आन्तरिक प्रशासनसँग सम्बन्धित गतिविधि

१. जनशक्ति ........ ३४

२. वार्षिक कार्ययोजना तथा प्रगति ........ ३५

## अनुसूचीहरु

अनुसूची- १ वित्त कम्पनीहरूको सूची ........ ३८

अनुसूची- २ वित्त कम्पनीहरूको प्रमुख वित्तीय परिसूचकहरू ........

# खण्ड (क)
# समग्र वित्तीय स्थिति

# खण्ड (क)

# समग्र वित्तीय स्थिति

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४ को उपदफा (१) को खण्ड (घ) मा उल्लेख भएको बैंकिङ्ग तथा वित्तीय प्रणालीको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने उद्देश्य पूरा गर्ने तथा सोही दफाको उपदफा (१) को खण्ड (ङ) मा उल्लेख भएको नेपालको समग्र बैकिङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने उद्देश्य परिपूर्ति गर्ने सन्दर्भमा यस बैंकको बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग तथा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागबाट आ-आफ्नो सुपरिवेक्षकीय दायरा भित्र पर्ने यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको सुपरिवेक्षण कार्य हुँदै आएको छ । बैक तथा वित्तीय संस्थाहरुको संख्यात्मक घपघट् सँगसँगै भएको कारोवारको परिमाण र जटिलताका सन्दर्भमा यस बैंकको सुपरिवेक्षकीय जिम्मेवारीमा अझै बृद्धि भएको छ ।

मूलतः देहायको उद्देश्य परिपूर्तिका लागि वित्तीय संस्थाहरुको सुपरिवेक्षण गरिन्छ :-

- स्वस्थ र सक्षम वित्तीय प्रणालीको विकास गर्न,
- कुशल वित्तीय बजारको निर्माण गरी वित्तीय स्थायित्व कायम गर्न,
- वित्तीय क्षेत्रमा प्रचलित नियम, कानून तथा निर्देशनहरूको पालना गर्न लगाउन,
- वित्तीय संस्थाहरुमा प्रभावकारी व्यवस्थापन तथा नियन्त्रण प्रणालीको विकास गराउन,
- स्वस्थ वित्तीय संस्थाहरू मार्फत् विशेष गरी निक्षेपकर्ताका साथै सरोकारवालाहरू (Stakeholders) को हकहितको संरक्षण गर्न, र
- वित्तीय परिसूचक मार्फत् देखिने पूर्वसावधानी सङ्केतहरू (Early Warning Signals) का आधारमा देखिएका समस्याहरुलाई समयमा नै पहिचान गरी उपयुक्त समाधान गर्न ।

मिति २०६८।८।१ मा साबिकको वित्तीय संस्था सुपरिवेक्षण विभागबाट फुटाएर वित्त कम्पनीहरुको निरीक्षण तथा सुपरिवेक्षण गर्न वित्त कम्पनी सुपरिवेक्षण विभाग गठन भएको हो । २०७० असार मसान्तसम्ममा यस विभागको सुपरिवेक्षकीय दायराभित्र ६० वटा वित्त कम्पनीहरु रहेका छन् (अनुसूची-१) ।

आ.व २०६९।७० मा यी ६० वटा वित्त कम्पनीहरुको काम कारवाहीहरु समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । उक्त अवधिमा अनुसूची-१ मा उल्लेख भएका वित्त कम्पनीहरुको निरीक्षण तथा सुपरिवेक्षण लगायतका क्रियाकलापसंग सम्बन्धित छ ।

वित्त कम्पनीहरूको पुँजीको स्थिति, कर्जाको गुणस्तर, व्यवस्थापनको सक्षमता प्रतिफल दर, तरलता, वित्तीय स्वास्थ्य जस्ता पक्षहरू समेटी यो सुपरिवेक्षण प्रतिवेदन देहायका मापदण्डहरूका आधारमा तयार गरिएको छ ।

- प्रचलित नेपाल कानूनहरू (नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३ आदि)
- नियमन व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैङ्कद्वारा जारी निर्देशन/मार्ग निर्देशनहरु
- नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०५९
- स्थलगत निरीक्षण/गैरस्थलगत सुपरिवेक्षणका सन्दर्भमा दिइएका निर्देशनहरु
- सुपरिवेक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्थापित प्रचलनहरु (Best Practices)

- सम्बन्धित वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, साधारण सभा र सञ्चालक समितिबाट पारित निर्णय, नीति तथा निर्देशिकाहरु
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय लेखामान पद्धति ।

## १. नियमन व्यवस्था

आर्थिक वर्ष २०६९।७० मा यस बैंकबाट ईजाजतपत्रप्राप्त वित्त कम्पनीहरूका लागि लागु गरिएको नियमन व्यवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | प्रमुख नियमन व्यवस्थाहरु | (प्रतिशतमा) |
|---|---|---|
| १. | **न्यूनतम पुंजी(जोखिम भारित सम्पत्तिको आधारमा)** | |
| | प्राथमिक पुंजी | ५.५ |
| | पुँजीकोष | ११.० |
| २. | **कर्जा सापटको वर्गीकरण र नोक्सानी व्यवस्था** | |
| | असल कर्जा/सापट (साँवा वा ब्याजले भाका ननाघेको वा ३ महिनासम्म भाका नाघेका) | १.० |
| | पुनरतालिकीकरण गरिएको -ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाइएको) तथा पुनर्संरचना गरिएको (कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गरिएको) कर्जा/सापट | १२.५ |
| | कमसल कर्जा/सापट (साँवा वा ब्याजले ३ महिनादेखि बढीमा ६ महिनासम्म भाका नाघेका) | २५.० |
| | शंकास्पद कर्जा/सापट (साँवा वा ब्याजले ६ महिनादेखि बढीमा १ बर्षसम्म भाका नाघेका) | ५०.० |
| | खराब कर्जा/सापट (साँवा वा ब्याजले १ बर्षभन्दा बढी अवधिले भाका नाघेका) | १००.० |
| | व्यक्तिगत/संस्थागत जमानीमा मात्र प्रवाहित कर्जामा सम्बन्धित कर्जा वर्गीकरण अनुसार हुने व्यवस्थामा थप व्यवस्था | २०.० |
| ३. | **प्रतिग्राहक कर्जा सीमा (प्राथमिक पुँजीको आधारमा)** | |
| | कोषमा आधारित तथा गैरकोषमा आधारित दुबै कर्जाहरु गरी कूल | २५.० |
| | देशको उत्पादन रोजगारी लगायतका उत्पादनमुलक उद्योगहरुमा प्रवाह हुने कर्जाको एकल ग्राहक कर्जा सीमा | ३०.० |
| | जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन र केवलकार निर्माण परियोजनाका लागि कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा | ५०.० |
| ४. | **लगानी सम्बन्धी सीमा** | |
| | जग्गा विकास, आवासीय प्रयोजनको लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना सञ्चालन गर्ने र त्यस्ता घरजग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने सम्बन्धी कार्य (बढीमा ठिक अघिल्लो महिना कायम प्राथमिक पुँजीको प्रतिशतमा) | २५.० |
| | पब्लिक लि. कम्पनीको रुपमा संस्थापना भएका आवास भवन निर्माण तथा जग्गा विकास (Housing and Land Development) परियोजनामा लगानी (बढीमा ठिक अघिल्लो महिना कायम प्राथमिक पुँजीको प्रतिशतमा) | १०.० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी (बढीमा ठिक अघिल्लो त्रयमासमा कायम प्राथमिक पुँजीको प्रतिशतमा) | १०.० |
| | सवै संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा लगानी (बढीमा आफ्नो प्राथमिक पुँजीको प्रतिशत) | ३०.० |

| | | |
|---|---|---|
| | संगठित संस्थाहरु ("घ" वर्गको वित्तीय संस्था बाहेक) को शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | १०.० |
| | "घ" वर्गको वित्तीय संस्थाको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको आधारमा रहने सीमा | २५.० |
| | वित्तीय स्वार्थ भएको कंपनीको शेयर तथा डिबेञ्चरमा लगानी गर्दा आफ्नो प्राथमिक पुँजीको आधारमा रहने सीमा | २०.० |
| | कुनै एक संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभूति गर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | १०.० |
| | सबै संगठित संस्थाको शेयर तथा डिवेन्चर प्रत्याभूति गर्ने सीमा (प्राथमिक पुँजीको प्रतिशतको आधारमा) | ५०.० |
| **५.** | **साप्ताहिक अनिवार्य मौज्दात अनुपात (२ सप्ताह अघिको कूल निक्षेप दायित्वको आधारमा)** | |
| | चल्ती र/वा कल खाताको निक्षेप स्वीकार गरेमा | ५.० |
| | चल्ती र/वा कल खाता बाहेकका अन्य निक्षेप मात्र स्वीकार गरेमा | २.० |
| ६. | **बैधानिक तरलता अनुपात (अघिल्लो महिनाको मसान्तको कूल निक्षेप दायित्वको आधारमा कायम गर्नुपर्ने सीमा)** | |
| | चल्ती र/वा कल खाताको निक्षेप स्वीकार गरेमा | १०.० |
| | चल्ती र/वा कल खाता निक्षेप संकलन नगरेमा | ६.० |
| ७. | **वित्तीय स्रोत सङ्कलन सीमा** | |
| | सापटी श्रोत परिचालन (कूल निक्षेप दायित्वको आधारमा) | ३३.३ |
| | वित्तीय श्रोत (ब्याज वा विना ब्याजमा स्वीकार गरिने कुनै पनि प्रकारको निक्षेप, सापटी र विभिन्न किसिमका ऋण उपकरणहरु) को संकलन (प्राथमिक पुँजीको आधारमा) | १५ गुणा |
| | कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट परिचालन गरिने संस्थापक निक्षेप दायित्व -कूल निक्षेप दायित्वको आधारमा) | २०.० |
| ८. | **त्रैमासिक विपन्न वर्ग कर्जा** | |
| | ६ महिना अघिको कर्जा तथा सापटको आधारमा प्रवाह गर्नुपर्ने विपन्न वर्ग कर्जा तथा लगानीको न्युनतम सीमा (२०७० असार मसान्तसम्म) | २.५० |

## २. वित्तीय परिसूचकहरू

आर्थिक वर्ष २०६९।७० को प्रमुख आर्थिक तथा वित्तीय परिसूचकहरु देहाय बमोजिम रहेका छन् ।

**वित्तीय परिसूचकहरु[1]**

(रु. करोडमा)

| क.सं | शीर्षक | आ.व | | |
|---|---|---|---|---|
| | | २०६७/६८ | २०६८/६९ | २०६९/७० |
| १ | कूल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) | १३,४५,७७ | १५,५८,१७ | १७,०१,१९ |
| २ | कूल निक्षेप | ८,७०,०२ | १०,७१,६७ | १२,५७,२७ |
| | (क) वाणिज्य बैङ्क | ६,८७,५९ | ८,६७,९८ | १०,२०,९० |
| | (ख) बिकास बैङ्क | ९६,८९ | १,२७,२४ | १,५९,६७ |
| | (ग) वित्त कम्पनी | ८५,५४ | ७६,४५ | ६९,१५ |
| ३ | कूल कर्जा | ६,९८,८१ | ७,९२,१३ | ९,७९,१२ |
| | (क) वाणिज्य बैङ्क | ५,२२,८५ | ६,२२,५७ | ७,५६,८६ |
| | (ख) बिकास बैङ्क | ८८,९२ | १,००,५५ | १,३३,१६ |
| | (ग) वित्त कम्पनी | ८७,०४ | ६९,०१ | ६५,६० |
| ४ | कूल निक्षेप/गार्हस्थ उत्पादन (प्रतिशत) | ६४.६५ | ६८.७८ | ७३.९० |
| ५ | कूल कर्जा/गार्हस्थ उत्पादन ( प्रतिशत ) | ५१.९३ | ५०.८४ | ५७.५५ |
| ६ | कूल निक्षेपमा वाणिज्य बैङ्कको अंश ( प्रतिशत ) | ७९.०३ | ८०.९९ | ८१.२ |
| | कूल निक्षेपमा बिकास बैङ्कको अंश | ११.१४ | ११.८७ | १२.७ |
| | कूल निक्षेपमा वित्त कम्पनीको अंश | ९.८३ | ७.१३ | ५.५ |
| ७ | कूल कर्जामा वाणिज्य बैङ्कको अंश ( प्रतिशत ) | ७४.८२ | ७८.५९ | ७७.३ |
| | कूल कर्जामा बिकास बैङ्कको अंश | १२.७२ | १२.६९ | १३.६ |
| | कूल कर्जामा वित्त कम्पनीको अंश | १२.४६ | ८.७१ | ६.७ |
| ८ | कूल निक्षेपको बृद्धिदर ( प्रतिशत ) | १८.०४ | २३.१८ | १७.३२ |
| | वाणिज्य बैङ्कको निक्षेपको बृद्धिदर | १८.१ | २६.२४ | १७.६२ |
| | बिकास बैङ्कको निक्षेपको बृद्धिदर | २५.०५ | ३१.३२ | २५.४९ |
| | वित्त कम्पनीको निक्षेपको बृद्धिदर | १०.६२ | -१०.६३ | -९.५५ |
| ९ | कूल कर्जाको बृद्धिदर ( प्रतिशत ) | १४.१५ | १३.३५ | २३.६ |
| | वाणिज्य बैङ्कको कर्जाको बृद्धिदर | ११.३९ | १९.०७ | २१.५७ |
| | बिकास बैङ्कको कर्जाको बृद्धिदर | ३५.१८ | १३.०८ | ३२.४३ |
| | वित्त कम्पनी कर्जाको बृद्धिदर | १२.९८ | -२०.७१ | ४.९४ |

[1] स्रोतः आ.व.२०६९/७० मा नेपाल राष्ट्र बैङ्कद्वारा प्रकाशित "देशको वर्तमान आर्थिक स्थिति" को विभिन्न मासिक प्रकाशनहरुमा दिइएको तथ्याङ्कमा आधारित ।

आ.व. २०६७/६८ तथा २०६८/६९ मा बैंकिङ्ग क्षेत्र (वाणिज्य बैङ्क, विकास बैङ्क तथा वित्त कम्पनी) को निक्षेप बृद्धिदर क्रमशः १८.०४ प्रतिशत तथा २३.१८ प्रतिशत रहेकोमा आ.व. २०६९/७० मा सो बृद्धिदर १७.३२ प्रतिशत रहेको छ । वाणिज्य बैङ्कहरुको निक्षेप आ.व. २०६७/६८ मा १८.१ प्रतिशतले वृद्धि भएकोमा आ. व. २०६८/६९ मा २६.२४ प्रतिशतले बढेको र आ. व. २०६९/७० मा १७.६२ प्रतिशतले बढेको छ । त्यसैगरी, विकास बैंकको निक्षेप बृद्धिदर आ.व. २०६७/६८ मा २५.०५ प्रतिशत रहेकोमा आ.व.२०६८/६९ मा ३१.३२ प्रतिशत र आ.व.२०६९/७० मा २५.४९ प्रतिशतले बृद्धि भएको देखिन्छ । वित्त कम्पनीहरुको निक्षेप आ.व. २०६८/६९ मा अघिल्लो आ.व.को तुलनामा १०.६३ प्रतिशतले घटेकोमा आ.व.२०६९/७० मा ९.५५ प्रतिशतले पूनः घट्न गएको देखिन्छ ।

बैकिङ्ग क्षेत्रको कूल निक्षेपमा वाणिज्य बैंकहरूको अंश आ.व. २०६७/६८ मा ७९.०३ प्रतिशत, आ.व. २०६८/६९ मा ८०.९९ प्रतिशत रहेकोमा आ.व. २०६९/७० मा ८१.२ प्रतिशत रहेको छ । कूल निक्षेपमा विकास बैंकको अंश आ.व. २०६७/६८ मा ११.१४ प्रतिशत, आ.व.२०६८/६९ मा ११.८७ प्रतिशत र आ.व.२०६९/७० मा १२.७ प्रतिशत रहेको छ । यस्तै गरी वित्त कम्पनी तर्फको निक्षेपको अंश आ.व.२०६७/६८ मा ९.८३ प्रतिशत रहेकोमा आ.व.२०६८/६९ मा ७.१३ प्रतिशत र २०६९/७० मा ५.५ प्रतिशत रहेको देखिन्छ ।

त्यस्तै, आ.व. २०६७/६८ तथा २०६८/६९ मा बैंकिङ्ग क्षेत्रको कूल कर्जाको वृद्धिदर क्रमशः १४.१५ प्रतिशत तथा १३.३५ प्रतिशत रहेकोमा आ.व. २०६९/७० मा सो वृद्धिदर २३.६ प्रतिशत रहेको छ । उक्त आर्थिक बर्षहरुमा वाणिज्य बैङ्कहरुको कर्जा बृद्धिदर क्रमशः ११.३९ प्रतिशत, १९.०७ प्रतिशत तथा २१.५७ प्रतिशत रहेको छ भने विकास बैङ्कको कर्जा बृद्धिदर क्रमशः ३५.१८ प्रतिशत, १३.०८ प्रतिशत तथा ३२.४३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी वित्त कम्पनीहरुको कर्जा वृद्धिदर आ.व. २०६७/६८ मा १०.६२ प्रतिशतले वृद्धि भएकोमा आ.व. २०६८/६९ मा २०.७१ प्रतिशतले घट्न गएको थियो भने आ.व. २०६९/७० मा ४.९४ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

त्यसैगरी, उक्त आर्थिक बर्षहरुमा बैकिङ्ग क्षेत्रको कूल कर्जामा वाणिज्य बैङ्कहरुको अंश आ.व.२०६७/६८ मा ७४.८२ प्रतिशत, आ.व.२०६८/६९ मा ७८.५९ प्रतिशत र आ.व. २०६९/७० मा ७७.३ प्रतिशत रहेको छ । विकास बैंकको अंश कूल कर्जामा आ.व.२०६७/६८ मा १२.७२ प्रतिशत, आ.व.२०६८/६९ मा १२.६९ प्रतिशत र आ.व.२०६९/७० मा १३.६ प्रतिशत रहेको छ । वित्त कम्पनीहरुको अंश आ.व.२०६७/६८ मा १२.४६ प्रतिशत, आ.व.२०६८/६९ मा ८.७१ प्रतिशत र आ.व.२०६९/७० मा ६.७ प्रतिशत रही बैंकिङ्ग क्षेत्रको कूल कर्जामा वित्त कम्पनीहरुको कर्जाको अंश क्रमशः घट्दै गएको देखिन्छ ।

# खण्ड (ख)
# स्थलगत निरीक्षण

# खण्ड (ख)

# स्थलगत निरीक्षण

वित्त कम्पनीहरुको समग्र वित्तीय स्थिति लगायत ती संस्थाहरुबाट प्रचलित ऐन, नियम, नीति तथा यस बैङ्कबाट समय समयमा जारी गरिएका निर्देशनहरूको पालना स्थितिको सम्बन्धमा स्थलगत निरीक्षणबाट मूल्याङ्कन गरिन्छ । स्थलगत निरीक्षणको लागि आवश्यक पूर्वाधार तथा कागजातहरु तयार गर्न सम्बन्धित संस्थालाई स्थलगत निरीक्षणमा जानु भन्दा सामान्यतः १५ दिन अगावै सूचना गरिन्छ । स्थलगत निरीक्षण अन्तर्गत छनौटको आधारमा संस्थाका शाखाहरू तथा संस्थाले लगानी गरेका परियोजनाहरू समेत निरीक्षण गरिन्छ । स्थलगत निरीक्षण समष्टिगत स्वरुपको हुने भएकोले CAMELS (Capital Adequacy, Assets Quality, Management, Earning, Liquidity and Sensitivity to Market Risk) Rating को आधारमा मूल्याङ्कन गरिन्छ । साथै, सम्वन्धित संस्थाको जोखिम पक्षहरुलाई समेत मध्ये नजर गरी निरीक्षण कार्य सम्पन्न गरिन्छ । वित्त कम्पनीहरुको कामकारवाहीबाट निक्षेपकर्ता एवं लगानीकर्ताहरुको हित संरक्षण भए नभएको सुनिश्चित गर्न स्थलगत निरीक्षण प्रतिवेदनबााट विस्तृत जानकारी हासिल हुन सक्दछ । यस प्रकारको स्थलगत निरीक्षण प्रत्येक आर्थिक वर्षमा प्रत्येक संस्थामा एक पटक गर्ने गरिएको छ ।

## समष्टिगत स्थलगत निरीक्षण सम्पन्न गरिएका वित्त कम्पनीहरु

आर्थिक वर्ष २०६९।७० मा देहायका ५८[६] वटा वित्त कम्पनीहरुको निरीक्षण कार्य सम्पन्न गरिएको छ :

| क्र. सं. | वित्त कम्पनीको नाम | देखि | सम्म |
|---|---|---|---|
| १ | हामा मर्चेण्ट फाइनान्स लि. त्रिपुरेश्वर | २०६९.५.५ | २०६९.५.११ |
| २ | सेन्ट्रल फाईनान्स लि. कुपुण्डोल | २०६९.५.६ | २०६९.५.१३ |
| ३ | शुभलक्ष्मी फाईनान्स लि. नक्साल | २०६९.५.६ | २०६९.५.१२ |
| ४ | नेपाल एक्सप्रेश फाईनान्स लि. सुन्धारा | २०६९.५.६ | २०६९.५.१२ |
| ५ | पाटन फाइनान्स लि. ललितपुर | २०६९.५.६ | २०६९.५.१३ |
| ६ | गुडविल फाईनान्स लि. हातिसार | २०६९.५.६ | २०६९.५.१३ |
| ७ | प्रभु फाईनान्स लि. लैनचौर | २०६९.६.२ | २०६९.६.१० |
| ८ | युनाईटेड फाईनान्स लि. दरबारमार्ग | २०६९.६.२ | २०६९.६.१० |
| ९ | नारायणी नेशनल फाईनान्स लि. डिल्लीबजार | २०६९.६.२ | २०६९.६.१० |
| १० | बैभव फाईनान्स लि. नया बानेश्वर | २०६९.६.८ | २०६९.६.१२ |
| ११ | भक्तपुर फाईनान्स लि. भक्तपुर | २०६९.६.१४ | २०६९.६.१८ |
| १२ | इन्टरनेशनल लिजिङ्ग एण्ड फाईनान्स लि. नया बानेश्वर | २०६९.६.२२ | २०६९.७.२ |
| १३ | महालक्ष्मी फाईनान्स लि. पुतलीसडक | २०६९.६.२२ | २०६९.७.१ |
| १४ | फेवा फाईनान्स लि. पोखरा | २०६९.६.२२ | २०६९.७.२ |
| १५ | सेती फाईनान्स लि. टिकापुर कैलाली | २०६९.६.२६ | २०६९.७.३ |
| १६ | अरुण फाईनान्स लि. धरान | २०६९.७.१५ | २०६९.७.२१ |

[६] बैभव फाइनान्स लि., यति फाइनान्स लि., गोरखा फाइनान्स लि., एपि फाइनान्स लि. र रोयल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. अन्य बैंक तथा वित्तीय संस्थासंग गाभिएको ।

| | | | |
|---|---|---|---|
| १७ | श्रृजना फाईनान्स लि. विराटनगर | २०६९.८.१० | २०६९.८.१५ |
| १८ | प्रोग्रसिभ फाईनान्स लि. न्यूरोड काठमाण्डौ | २०६९.८.१० | २०६९.८.१४ |
| १९ | गुह्येश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स लि. ललितपुर | २०६९.८.१७ | २०६९.८.२४ |
| २० | पश्चिमाञ्चल फाईनान्स लि. बुटवल | २०६९.८.२३ | २०६९.८.३० |
| २१ | कुवेर मर्चेण्ट फाईनान्स लि. कमलपोखरी | २०६९.९.१६ | २०६९.१०.६ |
| २२ | हिमालय फाईनान्स लि. सुन्धारा | २०६९.९.१६ | २०६९.९.२९ |
| २३ | जानकी फाईनान्स लि. जनकपुर | २०६९.१०.६ | २०६९.१०.१४ |
| २४ | यति फाईनान्स लि. हेटौडा | २०६९.१०.६ | २०६९.१०.१४ |
| २५ | प्रिमियर फाईनान्स कम्पनी लि. कुमारीपाटी | २०६९.१०.७ | २०६९.१०.१४ |
| २६ | सिभिल मर्चेण्ट वित्तीय संस्था लि. कूलेश्वर | २०६९.१०.७ | २०६९.१०.१२ |
| २७ | गोरखा फाईनान्स लि. हातिसार | २०६९.१०.१४ | २०६९.१०.२१ |
| २८ | सगरमाथा मचेण्ट बैंकिङ्ग एण्ड फाईनान्स लि. ललितपुर | २०६९.११.३ | २०६९.११.१३ |
| २९ | इम्पेरियल फाईनान्स लि. थापाथली | २०६९.११.३ | २०६९.११.११ |
| ३० | लुम्बिनी लिजिङ्ग एण्ड फाईनान्स लि. ठमेल | २०६९.११.३ | २०६९.११.१३ |
| ३१ | नवदुर्गा फाईनान्स लि. भक्तपुर | २०६९.११.३ | २०६९.११.११ |
| ३२ | जेबिल्स फाईनान्स लि. न्यूरोड | २०६९.११.९ | २०६९.११.१५ |
| ३३ | मञ्जुश्री फाईनान्सियल ई. लि. काठमाृण्डौ | २०६९.११.१६ | २०६९.११.२३ |
| ३४ | काठमाण्डौ फाईनान्स लि. डिल्लीबजार | २०६९.११.१६ | २०६९.११.२२ |
| ३५ | जेनिथ फाईनान्स लि. न्यूरोड | २०६९.११.१६ | २०६९.११.२३ |
| ३६ | नमस्ते वित्तीय संस्था लि. घोराही दाङ्ग | २०६९.११.१९ | २०६९.११.२६ |
| ३७ | एपि फाईनान्स लि. पोखरा | २०६९.१२.७ | २०६९.१२.१५ |
| ३८ | नेपाल फाईनान्स लि. काठमाण्डौ | २०६९.१२.७ | २०६९.१२.१३ |
| ३९ | सिनर्जी फाईनान्स लि. बुटवल | २०६९.१२.७ | २०६९.१२.१४ |
| ४० | ओम फाईनान्स लि. पोखरा | २०७०.१.८ | २०७०.१.१४ |
| ४१ | रिलायन्स फाईनान्स लि. काठमाण्डौ | २०७०.१.८ | २०७०.१.१५ |
| ४२ | रिलायबल फाईनान्स लि. सुन्धारा | २०७०.१.८ | २०७०.१.१६ |
| ४३ | भ्याली फाईनान्स लि. महाराजगञ्ज | २०७०.१.८ | २०७०.१.१५ |
| ४४ | आईसिएफसि फाईनान्स लि. काठमाण्डौ | २०७०.१.१६ | २०७०.१.२६ |
| ४५ | युनियन फाईनान्स लि. काठमाण्डौ | २०७०.१.१६ | २०७०.१.२३ |
| ४६ | युनिक फाईनान्स लि. काठमाण्डौ | २०७०.१.१६ | २०७०.१.२३ |
| ४७ | कास्की फाईनान्स लि. पोखरा | २०७०.१.२२ | २०७०.१.२८ |
| ४८ | एनआईडिसि क्यापिटल मार्केट्स लि. काठमाण्डौ | २०७०.२.५ | २०७०.२.१० |
| ४९ | नेपाल आवास वित्त कम्पनी लि. काठमाण्डौ | २०७०.२.५ | २०७०.२.९ |
| ५० | श्रीइन्भेष्टमेन्ट फाईनान्स लि. काठमाण्डौ | २०७०.२.५ | २०७०.२.१२ |
| ५१ | एभरेष्ट फाईनान्स लि. रुपन्देही | २०७०.२.११ | २०७०.२.१७ |
| ५२ | लोटस इनभेष्टमेन्ट फाईनान्स लि. न्यूरोड | २०७०.२.१९ | २०७०.२.२३ |

| | | | |
|---|---|---|---|
| ५३ | मल्टिपरपोज फाईनान्स लि. राजविराज | २०७०.२.२० | २०७०.२.२५ |
| ५४ | सिद्धार्थ फाईनान्स लि. सिद्धार्थनगर | २०७०.२.२२ | २०७०.२.२९ |
| ५५ | पोखरा फाईनान्स लि. पोखरा | २०७०.३.१ | २०७०.३.८ |
| ५६ | रोयल मचेण्ट बैंकिङ्ग एण्ड फाईनान्स लि. काठमाण्डौ | २०७०.३.१२ | २०७०.३.२१ |
| ५७ | नेपाल हाउजिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि. काठमाण्डौ | २०७०.३.१२ | २०७०.३.२० |
| ५८ | प्रुडेन्सियल फाईनान्स लि. काठमाण्डौ | २०७०.३.१२ | २०७०.३.१९ |

समस्याग्रस्त घोषणा गरिएका वित्त कम्पनीहरु र शीघ्र सुधारात्मक कार्यवाही अन्तरगत अनुगमनमा राखिएका संस्थाहरुसमेत गरी देहायमा उल्लेखित वित्त कम्पनीहरुको यस आर्थिक वर्षमा सुपरिवेक्षण नभएको :

| क्र.सं. | वित्त कम्पनीको नाम |
|---|---|
| १ | नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि. |
| २ | पिपल्स फाइनान्स लि. |
| ३ | ललितपुर फाइनान्स लि. |
| ४ | जनरल फाइनान्स लि. |
| ५ | वर्ल्ड मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स कम्पनी लि. |
| ६ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स लि. |
| ७ | क्रिस्टल फाइनान्स लि. |

वित्त कम्पनीहरुको स्थलगत निरीक्षणको क्रममा देखिएका केही साझा प्रकृतिका कैफियतहरु देहाय बमोजिम छन:

१. समानुपातिक पुँजी तथा पुँजीकोष अपर्याप्त रहेका वित्त कम्पनीहरुले आवश्यक पुँजी पुऱ्याउने सम्बन्धमा ठोस पहल नगरेको ।

२. कतिपय संस्थाहरुको हकमा निर्देशन अनुरुप कर्जा नोक्सानी व्यवस्था नगरेको ।

३. एकल ग्राहक अन्तर्गत समेटिनु पर्ने ग्राहकलाई एकल ग्राहक वा आपसी सम्बन्ध भएका ग्राहक अन्तर्गत राखी आपसी सम्बन्ध भएका ग्राहकको पूर्ण एवं अद्यावधिक विवरण तयार नगरेको ।

४. कर्जा प्रवाह गर्नुपूर्व परियोजना तथा आम्दानीको पर्याप्त तथा यथार्थपरक विश्लेषण नहुने गरेको । कर्जा अधिकेन्द्रीत जोखिम न्यूनीकरण गर्नेतर्फ पर्याप्त पहल नगरेको । कर्जा सदुपयोग भए नभएको सम्बन्धमा निरीक्षण नगरेको ।

५. नियमित रुपमा कर्जा रिन्यू गरी चालु पुँजी प्रकृतिको कर्जा प्रवाह गर्ने गरेको ।

६. संस्थाको कर्जा लगानी निर्देशिकामा विपन्न वर्ग कर्जा सम्बन्धमा यस बैंकका पछिल्ला निर्देशनहरु समेटी कार्यविधि तर्जुमा नभएको ।

७. सञ्चालक समितिका पदाधिकारीहरुले संस्थाको विनियमावलीमा व्यवस्था नगरी आर्थिक सुविधा उपभोग गर्ने प्रवृत्ति देखिएको ।

८. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १२ बमोजिम व्यवसायिक सञ्चालक नियुक्त नभएको । आदि

# खण्ड (ग)
# गैरस्थलगत सुपरिवेक्षण

वित्तीय प्रणालीमा रहेका सबै वित्त कम्पनीहरुबाट वित्तीय विवरण, अन्य तथ्याङ्क एवं सूचना माग गरी गैरस्थलगत सुपरिवेक्षणबाट वित्तीय संस्था सञ्चालनका अवस्थाबारे जानकारी प्राप्त गर्ने गरिन्छ । गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले पूर्वचेतावनी सङ्केत (Early Warning Signal) प्रदान गर्ने हुनाले सम्बन्धित वित्तीय संस्थालाई यथासमयमै सुधारात्मक उपायहरू अपनाउन निर्देशन दिन सहयोग पुऱ्याउँदछ । नेपाल राष्ट्र बैङ्क, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०५९ लागू भएपछि गैरस्थलगत सुपरिवेक्षण कार्यलाई अझ सुदृढ गरिएको छ । आर्थिक बर्ष २०६९/७० मा यस विभागको सुपरिवेक्षकीय दायरामा रहेका वित्त कम्पनीहरूको वित्तीय विश्लेषण तथा गैरस्थलगत सुपरिवेक्षणबाट देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न आवश्यक निर्देशन दिनुका साथै सोको पालना सम्बन्धमा अनुगमन गरिएको छ ।

## वित्त कम्पनीहरुको वित्तीय विश्लेषण तथा वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका निर्देशनहरु

### १.१ वित्त कम्पनीहरुको वित्तीय विश्लेषण

आर्थिक वर्ष २०६९।७० मा कूल ६० वटा वित्त कम्पनीहरू यस बैङ्कको सुपरिवेक्षकीय दायराभित्र रहेका छन् । ती मध्ये वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएका ३९ वटा वित्त कम्पनीहरुको परिष्कृत वित्तीय विवरण र स्वीकृति लिन बाँकी २१ वित्त कम्पनीहरुको अपरिष्कृत वित्तीय विवरणको आधारमा तयार गरिएको वित्त कम्पनी समूह ('ग' वर्ग का वित्तीय संस्थाहरु) को समग्र वित्तीय विश्लेषण निम्न बमोजिम गरिएको छ ।

#### १.१.१ प्राथमिक पुँजी तथा पुँजीकोष

रु करोडमा

| विवरण | २०६७।६८ | २०६८।६९ | २०६९।७० | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| प्राथमिक पुँजी | १८,४८ | ११,५० | १२,१० | (३७.७५) | ५.१६ |
| पुँजीकोष | १९,२८ | १२,१२ | १२,७२ | (३७.११) | ४.८८ |
| जोखिम भारित सम्पत्ति | ९७,६० | ८०,६७ | ८७,०९ | (१७.३५) | ७.९६ |
| प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात (% मा) | १८.९३ | १४.२६ | १३.८९ | | |
| पुँजीकोष/जोखिम भारित सम्पत्ति अनुपात (% मा) | १९.७५ | १५.०३ | १४.६ | | |

आर्थिक बर्ष २०६९।७० मा अघिल्लो आ.ब २०६८/६९ को रु.१२ अरब १२ करोडको तुलनामा पुँजीकोष ४.८८ प्रतिशतले वृद्धि भई रु १२ अरब ७२ करोड पुगेको छ भने प्राथमिक पुँजी रु. ११ अरब ५० करोडबाट ५.१६ प्रतिशतले वृद्धि भई रु.१२ अरब १० करोड कायम भएको छ । यस बैकको सामानुपातिक पुँजी योजना बमोजिम पुँजीमा केही वृद्धि भएकोले पुँजीकोष वृद्धि भएको हो ।

आर्थिक वर्ष २०६९/७० मा जोखिम भारित सम्पत्तिसंग पुँजीकोष अनुपात १४.६ प्रतिशत रहेको छ भने प्राथमिक पुँजी अनुपात १३.८९ प्रतिशत रहेको छ । आ.व. २०६७/६८ र २०६८/६९ मा जोखिम भारित

सम्पत्तिसंग पुँजीकोष अनुपात क्रमशः १९.७५ तथा १५.०३ प्रतिशत रहेको थियो भने प्राथमिक पुँजीसंगको अनुपात १८.९३ र १४.२६ प्रतिशत रहेको थियो ।

### १.१.२ जोखिम भारित सम्पत्ति/कूल सम्पत्ति अनुपात

रु करोडमा

| विवरण | २०६७।६८ | २०६८।६९ | २०६९।७० | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | (२-१)/(१) | (३-२)/(२) |
| कूल सम्पत्ति | १,२४,५८ | १,११,८९ | १,०८,५५ | -१०.१९ | -२.९८ |
| जोखिम भारित सम्पत्ति | ९७,६० | ८०,६७ | ८७,०९ | | |
| जोखिम भारित सम्पत्ति/कूल सम्पत्ति अनुपात (प्रतिशतमा) | ७८.३४ | ७२.१० | ८०.२४ | | |

२०७० असार मसान्तमा वित्त कम्पनीहरूको कूल सम्पत्ति २०६९ असार मसान्तमा कायम रहेको रु.१११ अरब ८९ करोडको तुलनामा २.९८ प्रतिशतले न्यून भई रु.१०८ अरब ५५ करोड कायम भएको छ । २०६९ असार मसान्तमा कूल सम्पत्ति अघिल्लो वर्षको तुलनामा १०.१९ प्रतिशतले घटेको थियो ।

२०७० असार मसान्तमा वित्त कम्पनीहरूको कूल सम्पत्तिमा जोखिम भारित सम्पत्तिको अनुपात ८०.२४ प्रतिशत रहेको छ जुन अघिल्लो आ.व. २०६८/६९ मा ७२.१ प्रतिशत र आ.व. २०६७/६८ मा ७८.३४ प्रतिशत रहेको थियो ।

### १.१.३ कर्जा तथा सापटको वर्गीकरण

रु करोडमा

| विवरण | आ.व. | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०६७।६८ | २०६८।६९ | २०६९।७० | | |
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| सक्रिय कर्जा | ८०,०५ | ६०,१६ | ६२,१७ | -२४.८५ | ३.३४ |
| निष्कृय कर्जा | ६,९९ | ८,८५ | ९,४२ | २६.६१ | ६.४५ |
| कूल कर्जा तथा सापट | ८७,०४ | ६९,०१ | ७१,५९ | -२०.७१ | ३.७४ |
| निष्कृय कर्जा अनुपात (% मा) | ८.०३ | १२.८३ | १३.१६ | | |

२०७० असारमसान्तमा वित्त कम्पनीहरुको निष्कृय कर्जा अघिल्लो वर्षको रु.८ अरब ८५ करोडबाट ६.४५ प्रतिशतले वृद्धि भई रु.९ अरब ४२ करोड पुगेको छ । यस अवधिको कूल कर्जा तथा सापटमा निष्कृय कर्जाको अनुपात १३.१६ प्रतिशत रहेको छ जुन आ.व. २०६७/६८ मा ८.०३ प्रतिशत तथा आ.व. २०६८/६९ मा १२.८३ प्रतिशत रहेको थियो ।

वित्त कम्पनीहरुको कूल कर्जा सापट आ.व. २०६९/७० मा ३.७४ प्रतिशतले वृद्धि भएको छ जुन अघिल्लो बर्ष २०.७१ प्रतिशतले घटेको थियो ।

### १.१.४ कर्जा नोक्सानी व्यवस्था

रु करोडमा

| विवरण | २०६७।६८ | २०६८।६९ | २०६९।७० | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| सक्रिय कर्जा नोक्सानी व्यवस्था | ४६ | ८९ | ६२ | ९२.७५ | -२९.८३ |
| निष्कृय कर्जा नोक्सानी व्यवस्था | ६,९९ | ७,९७ | १०,३४ | १४.०२ | २९.७४ |
| कूल कर्जा नोक्सानी व्यवस्था | ७,४५ | ८,८६ | १०,९६ | १८.८८ | २३.७७ |
| कूल कर्जा तथा सापट | ७७,०४ | ६९,०१ | ७१,५९ | | |
| कूल कर्जा नोक्सानी व्यवस्था/कूल कर्जा अनुपात (% मा) | ९.६७ | १२.८३ | १५.३१ | | |

२०७० असारमा वित्त कम्पनीहरुले सक्रिय कर्जामा रु.६२ करोड तथा निष्कृय कर्जामा रु.१० अरब ३४ करोड गरी कूल कर्जामा रु. १० अरब ९६ करोड कर्जा नोक्सानी व्यवस्था गरेको देखिन्छ जुन २०६९ असारमा रु.८ अरब ८६ करोड रहेको थियो । यसरी निष्कृय कर्जा नोक्सानी व्यवस्थामा बृद्धि हुनुको कारण कर्जा असुलीमा बाञ्छित सुधार आउन नसक्नु रहेको छ ।

### १.१.५ कर्जा / निक्षेप अनुपात

रु करोडमा

| विवरण | २०६७।६८ | २०६८।६९ | २०६९।७० | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| कर्जा तथा सापट | ८७,०४ | ६९,०१ | ७१,५९ | -२०.७१ | ३.७४ |
| निक्षेप | ८५,५४ | ७६,४५ | ७६,८० | -१०.६३ | ०.४६ |
| कर्जा/निक्षेप अनुपात | १०१.७५ | ९०.२७ | ९३.२२ | -११.२९ | ३.२७ |
| प्राथमिक पुँजी | १८,४८ | ११,५० | १२,१० | | |
| कर्जा /(प्राथमिक पुँजीतथा निक्षेप) अनुपात | ८३.६८ | ७८.४६ | ८०.५३ | | |

वित्त कम्पनीहरुको तरलता स्थितिको मापण गर्ने समग्र कर्जा तथा सापट/निक्षेप अनुपात २०७० असारमा ९३.२२ प्रतिशत रहेको छ भने अघिल्लो वर्ष यस्तो अनुपात ९०.२७ प्रतिशत रहेको थियो ।

### १.१.६ गैरबैंकिङ्ग सम्पत्ति

रु. करोडमा

| विवरण | २०६७।६८ | २०६८।६९ | २०६९।७० | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| गैरबैंकिङ्ग सम्पत्ति | १८ | ४२ | ८१ | १३१.३१ | ९५.०१ |
| कूल सम्पत्ति | १,२४,५८ | १,११,८९ | १,०८,५५ | | |
| गैरबैकिङ्ग सम्पत्ति/कूल सम्पत्ति अनुपात | ०.१४ | ०.३७ | ०.७५ | | |

वित्त कम्पनीहरुको गैरबैंकिङ्ग सम्पत्तिमा आ.व. २०६९/७० मा अघिल्लो आ.व.को तुलनामा ९५.०१ प्रतिशतले बृद्धि भई रु.४२ करोडबाट रु. ८१ करोड कायम भएको छ । आ.व. २०६७/६८ मा यस्तो सम्पत्ति रु.१८ करोड थियो । कूल सम्पत्तिमा गैरबैकिङ्ग सम्पत्तिको अंश २०६८ असार मसान्तमा ०.१४ प्रतिशतको तुलनामा २०६९ असार मसान्तमा ०.३७ प्रतिशतमा वृद्धि भएको तथा २०७० असार मसान्तमा पुनः वृद्धि भई ०.७५ प्रतिशत पुगेको छ ।

### १.१.७ प्रतिफलको स्थिति

रु करोडमा

| विवरण | २०६७।६८ | २०६८।६९ | २०६९।७० | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| ब्याज आम्दानी | १४,४७ | ११,७६ | १०,७४ | (१८.६८) | (८.७१) |
| ब्याज खर्च | ९,३६ | ८,३८ | ७,१६ | (१०.४०) | (१४.५५) |
| सञ्चालन आम्दानी | ५,८९ | ४,१३ | २,६९ | (२९.९४) | (३४.८७) |
| खुद नाफा/नोक्सान (रु.करोडमा) | –२,१५ | –२,२० | १,१२ | २.१७ | (१५१.०८) |

आ.व. २०६७/६८ र आ.व. २०६८/६९ मा वित्त कम्पनीहरुको खुद नोक्सान क्रमशः रु.२ अरब १५ करोड र रु.२ अरब २० करोड रहेकोमा आ.व. २०६९/७० मा रु १ अरब १२ करोड खुद नाफा रहेको छ ।

### १.१.८ तरलता

रु करोडमा

| विवरण | २०६७।६८ | २०६८।६९ | २०६९।७० | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| नगद | १,२२ | १,३५ | १,८२ | ११.०० | ३४.१२ |
| नेपाल राष्ट्र बैङ्क मौज्दात | २,४३ | ३,९२ | ३,०८ | ६१.३५ | –२१.३७ |
| अन्य बैङ्क/वित्तीय संस्थामा रहेको मौज्दात | १७,२५ | २१,६९ | १०,१० | २५.७६ | –५३.४३ |
| सरकारी सुरक्षणपत्रमा लगानी | २,३७ | २,४८ | १,८४ | ४.७४ | –२५.७८ |
| कूल तरल सम्पत्ति | २३,२७ | २९,४५ | १६,८५ | २६.५६ | –४२.८ |
| निक्षेप | ८५,५४ | ७६,४५ | ७६,८० | | |
| तरल सम्पत्ति/कूल निक्षेप अनुपात (प्रतिशतमा) | २७.२० | ३८.५२ | २१.९३ | | |

२०७० असारमसान्तमा अघिल्लो वर्षको तुलनामा वित्त कम्पनीहरुका तरल सम्पत्तिमा ४२.८ प्रतिशतले कमि आएको छ । अघिल्लो वर्ष तरल सम्पत्तिमा २६.५६ प्रतिशतले वृद्धि भएको थियो ।

२०७० असारमा वित्त कम्पनीहरुसंग रहेको नगद मौज्दातमा ३४.१२ प्रतिशतले बृद्धि भएको छ भने सरकारी सुरक्षणपत्रमा लगानी २५.७८ प्रतिशतले घटेको छ ।

वित्त कम्पनीहरुको २०७० असार मसान्तमा अन्य बैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दातको अंश ५३.४३ प्रतिशतले घटेको छ । आ.व. २०६७/६८ को तुलनामा आ.व. २०६८/६९ मा अन्य बैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दातको अंशमा २५.७६ प्रतिशतले बढेको थियो ।

वित्त कम्पनीहरुको आ.व. २०६७/६८ र आ.व. २०६८/६९ मा तरल सम्पत्ति कूल निक्षेप अनुपात क्रमशः २७.२ प्रतिशत तथा ३८.५२ प्रतिशत रहेकोमा आ.व. २०६९/७० मा उक्त अनुपात २१.९३ प्रतिशत रहेको छ ।

### १.१.९ वित्तीय स्रोत (सापटी तथा निक्षेप) परिचालन

रु करोडमा

| विवरण | २०६७।६८ | २०६८।६९ | २०६९।७० | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (२-१)/(१) | (३-२)/(२) |
| निक्षेप | ८५,५४ | ७६,४५ | ७६,८० | (१०.६३) | ०.४६ |
| सापटी | ४,५१ | ९७ | १,३६ | (७८.५५) | ४१.०५ |
| कूल वित्तीय स्रोत | ९०,०५ | ७७,४२ | ७८,१६ | (१४.०३) | ०.९६ |
| प्राथमिक पुँजी | १८,४८ | ११,५० | १२,१० | | |
| वित्तीय स्रोत सङ्कलन/ प्राथमिक पुँजी(गुणा) | ४.८७ | ६.७३ | ६.४६ | | |

२०७० असार मसान्तमा वित्त कम्पनीहरूको निक्षेप रु.७६ अरब ८० करोड र सापटी रु.१ अरब ३६ करोड गरी कूल वित्तीय स्रोत जम्मा रु.७८ अरब १६ करोड रहेको देखिन्छ, जुन २०६९ असारको तुलनामा ०.९६ प्रतिशतले सामान्य वृद्धि भएको छ । आ.व. २०६८/६९ मा अघिल्लो आ.व.को तुलनामा कूल वित्तीय स्रोत १४.०३ प्रतिशतले ह्रास भई रु.७७ अरब ४२ करोड कायम भएको थियो ।

वित्तीय स्रोत सङ्कलन अनुपात २०६८ असारमा प्राथमिक पुँजीको ४.८७ गुणा भएकोमा २०६९ असारमा ६.७३ गुणा र २०७० असारमा ६.४६ गुणा रहेको छ ।

## २. वार्षिक साधारण सभाको प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका प्रमुख निर्देशनहरु

यस विभागको सुपरीवेक्षकीय दायराभित्र रहेका वित्त कम्पनीहरुलाई संस्थाको वाह्य तथा आन्तरिक लेखा परीक्षण प्रतिवेदनका आधारमा गैरस्थलगत सुपरीवेक्षण गरी वार्षिक साधारणसभा प्रयोजनका लागि वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गर्दा दिइएका साझा प्रकृतिका मुख्य निर्देशनहरु देहाय बमोजिम रहेका छन्:

२.१ न्युनतम चुक्ता पुँजी कायम गर्ने सम्बन्धमा यस बैंकको पत्रसंख्या बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०२/०७०/७१ मितिः २०७०/०४/२७ को परिपत्रमा उल्लेख भए बमोजिम २०७१ असार मसान्तसम्म न्युनतम चुक्ता पुँजी कायम गर्न ।

२.२ निष्कृय कर्जाको अनुपात न्यूनिकरण गर्न आवश्यक व्यवस्था गर्न ।

२.३ कर्जा प्रवाह गर्दा कर्जा नीतिमा उल्लेख भएका प्रकृयाहरु पुरा गरेर मात्र कर्जा प्रवाह गर्न ।

२.४ जोखिम व्यवस्थापन नीति तर्जुमा गर्न तथा जोखिम व्यवस्थापन समिति गठन गरी उक्त समितिलाइ सक्रिय बनाउन ।

२.५ एकीकृत निर्देशनले तोकेको सीमाभन्दा बढी अन्य रियल स्टेट कर्जा शीर्षकमा प्रवाह भएको कर्जा सीमाभित्र ल्याउन ।

२.६ पारिश्रमिक निर्धारण, गैरबैंकिङ्ग सम्पत्ति व्यवस्थापन एवं सम्पत्ति दायित्व व्यवस्थापन नीति तर्जुमा गरी जानकारी दिन ।

२.७ संस्थागत सुशासन सम्बन्धी विभिन्न निर्देशनहरुको पूर्ण रुपमा पालना गर्न ।

२.८ बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३, को दफा १२ को उपदफा (२) अनुसार व्यवसायिक संचालक नियुक्त गर्नुहुन ।

२.९ सम्पत्ति शुद्धिकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन नं १९ को पालना गर्न ।

२.१० लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरु तथा पूर्व स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षणमा दिइएका निर्देशनहरु पालना गर्न । आदि ।

# खण्ड (घ)
# लक्षित, विशेष तथा अनुगमन निरीक्षण

# लक्षित, विशेष तथा अनुगमन  निरीक्षण

नयाँ खुलेका संस्थाहरुको निरीक्षणवाट खासगरी प्रचलित कानुन तथा नियमनको पालना, संस्थागत सुशासन स्थिति लगायतका पक्षहरुमा कमजोरी देखिए समयमै सुधारात्मक कदम चाल्न मद्दत पुग्दछ । यस प्रयोजनका लागि बैंकले संस्था स्थापना भएको सामान्यतया छ महिना पश्चात लक्षित निरीक्षण गर्ने नीति अवलम्वन गरेको छ । त्यसैगरी कुनै वित्तीय संस्थामा निक्षेपकर्ताको हित विपरीत कार्य भएको वा अनियमितता भइरहेको वा सर्वसाधारणलाई गलत सूचना प्रवाह गरिरहेको जस्ता विषयमा सार्वजनिक सञ्चार माध्यम तथा अन्य श्रोतवाट प्राप्त जानकारीका आधारमा विशेष निरीक्षण गरिन्छ । साथै, वित्तीय संस्थाहरुको निरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरु सुधार गर्ने क्रममा दिइएको निर्देशन पालनाको स्थितिको अध्ययन गर्ने क्रममा अनुगमन निरीक्षण गरिन्छ । यस्तो अनुगमनवाट ती संस्थाहरुको वित्तीय स्वास्थ्य वारे आश्वस्त हुने आधार तयार हुन्छ । यस्तो अनुगमन कार्य एउटा निरन्तर प्रक्रिया पनि हो ।

आर्थिक वर्ष २०६९/७० मा देहाय वमोजिमका वित्त कम्पनीहरुको लक्षित एवं विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

## १. लक्षित निरीक्षण :

यस आर्थिक वर्षमा कुनै पनि वित्त कम्पनीहरुको लक्षित निरीक्षण नभएको ।

## २. विशेष निरीक्षण :

आर्थिक वर्ष २०६९/७० मा देहाय वमोजिम २६ वटा वित्त कम्पनीहरुको विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

| क्र.सं. | वित्त कम्पनीको नाम | देखि | सम्म |
|---|---|---|---|
| १. | पिपुल्स फाईनान्स लि. महाबौद्ध | २०६९/४/४ | २०६९/४/५ |
| २. | क्रिस्टल फाइनान्स लि., बागबजार | २०६९/५/६ | २०६९/५/७ |
| ३ | जनरल फाईनान्स लि. चावहिल | २०६९/५/१० | २०६९/५/११ |
| ४ | जनरल फाईनान्स लि. चावहिल | २०६९/५/२८ | २०६९/५/२९ |
| ५ | नेपाल शेयर मार्केट एण्ड फाईनान्स लि. पुतलीसडक | २०६९/५/१९ | २०६९/५/२० |
| ६ | हिमालय फाईनान्स लि. सुन्धारा | २०६९/७/२१ | २०६९/७/२१ |
| ७ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स लि. बत्तिसपुतली | २०६९/८/१५ | २०६९/८/१५ |
| ८ | इन्टरनेशनल लिजिङ्ग एण्ड फाईनान्स लि. नयाँ बानेश्वर | २०६९/८/२४ | २०६९/८/२६ |
| ९ | जनरल फाईनान्स चावहिल | २०६९/८/२५ | २०६९/८/२५ |
| १० | बैभव फाईनान्स लि. नयाँ बानेश्वर | २०६९/८/२७ | २०६९/८/२७ |
| ११ | युनिक फाईनान्स लि. न्यू प्लाजा काठमाण्डौ | २०६९/९/३ | २०६९/९/५ |
| १२ | लुम्बिनी लिजिङ्ग एण्ड फाईनान्स लि. ठमेल | २०६९/१०/३ | २०६९/१०/४ |
| १३ | भ्याली फाईनान्स लि. महाराजगञ्ज | २०६९/१०/८ | २०६९/१०/९ |
| १४ | नेपाल शेयर मार्केट एण्ड फाईनान्स लि. बत्तिसपुतली | २०६९/११/३० | २०६९/११/३० |
| १५ | प्रुडेन्सियल फाईनान्स लि. काठमाण्डौ | २०६९/११/३० | २०६९/१२/१ |
| १६ | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाईनान्स लि. काठमाण्डौ | २०६९/११/२२ | २०६९/११/२३ |
| १७ | बैभव फाईनान्स लि. नयाँ बानेश्वर | २०६९/१२/५ | २०६९/१२/५ |
| १८ | जनरल फाईनान्स चावहिल | २०७०/१/४ | २०७०/१/५ |
| १९ | ललितपुर फाईनान्स लि. ललितपुर | २०७०/१/४ | २०७०/१/५ |
| २० | नारायणी नेशनल फाईनान्स लि. डिल्लीबजार | २०७०/१/८ | २०७०/१/९ |

| | | | |
|---|---|---|---|
| २१ | इम्पेरियल फाईनान्स लि. काठमाण्डौ | २०७०/१/१७ | २०७०/१/१७ |
| २२ | नेपाल हाउजिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि. काठमाण्डौ | २०७०/२/५ | २०७०/२/६ |
| २३ | सिभिल मर्चेण्ट वित्तीय संस्था लि. काठमाण्डौ | २०७०/२/६ | २०७०/२/७ |
| २४ | काठमाण्डौ फाईनान्स लि. काठमाण्डौ | २०७०/२/६ | २०७०/२/७ |
| २५ | पश्चिमाञ्चल फाईनान्स लि. काठमाण्डौ | २०७०/२/२९ | २०७०/२/२९ |
| २६ | एनआईडिसि क्यापिटल मार्केट, कमलपोखरी | २०७०/३/१२ | २०७०/३/१२ |

## ३. अनुगमन निरीक्षण :

आर्थिक वर्ष २०६९/७० मा देहाय वमोजिम २२ वटा वित्त कम्पनीहरुको विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

| क्र. सं. | वित्त कम्पनीको नाम | देखि | सम्म |
|---|---|---|---|
| १. | जनरल फाईनान्स लि. चावहिल | २०६९/४/१७ | २०६९/४/१७ |
| २. | बुटवल फाईनान्स लि. बुटवल | २०६९/५/१६ | २०६९/५/१६ |
| ३. | जनरल फाईनान्स लि. चावहिल | २०६९/८/५ | २०६९/८/६ |
| ४. | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाईनान्स लि. काठमाण्डौ | २०६९/८/५ | २०६९/८/५ |
| ५. | ललितपुर फाईनान्स लि. ललितपुर | २०६९/८/५ | २०६९/८/५ |
| ६ | सेन्ट्रल फाईनान्स लि. कुपण्डोल | २०६९/८/५ | २०६९/८/६ |
| ७ | नेपाल हाउजिङ्ग एण्ड मर्चेण्ट फाईनान्स लि. काठमाण्डौ | २०६९/८/११ | २०६९/८/११ |
| ८ | भ्याली फाईनान्स लि. महाराजगञ्ज | २०६९/८/१४ | २०६९/८/१४ |
| ९ | नेपाल फाईनान्स लि. पुतलीसडक | २०६९/८/१८ | २०६९/८/१८ |
| १० | प्रुडेन्सियल फाईनान्स लि. काठमाण्डौ | २०६९/८/१८ | २०६९/८/१८ |
| ११ | नारायणी नेशनल फाईनान्स लि. डिल्लीबजार | २०६९/८/२७ | २०६९/८/२८ |
| १२ | युनाईटेड फाईनान्स लि. दरबारमार्ग | २०६९/९/८ | २०६९/९/१२ |
| १३ | महालक्ष्मी फाईनान्स लि. पुतलीसडक, काठमाण्डौ | २०६९/९/८ | २०६९/९/९ |
| १४ | अरुण फाईनान्स लि. धरान | २०६९/११/२ | २०६९/११/५ |
| १५ | नेपाल शेयर मार्केट एण्ड फाईनान्स लि. पुतलीसडक | २०७०/३/६ | २०७०/३/७ |
| १६ | ललितपुर फाईनान्स लि. ललितपुर | २०७०/३/५ | २०७०/३/५ |
| १७ | क्रिस्टल फाईनान्स लि. काठमाण्डौ | २०७०/३/६ | २०७०/३/७ |
| १८ | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाईनान्स लि. काठमाण्डौ | २०७०/३/९ | २०७०/३/१० |
| १९ | नेपाल शेयर मार्केट एण्ड फाईनान्स लि. पुतलीसडक | २०७०/३/१३ | २०७०/३/१४ |
| २० | ललितपुर फाईनान्स लि. ललितपुर | २०७०/३/११ | २०७०/३/१२ |
| २१ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स लि. | २०७०/३/११ | २०७०/३/१२ |
| २२ | जनरल फाईनान्स लि. चावहिल | २०७०/३/११ | २०७०/३/१२ |

# खण्ड (ङ)
# कार्यान्वयन
# (Enforcement)

## खण्ड (ङ)

# कार्यान्वयन (Enforcement)

निरीक्षण प्रतिवेदन कार्यान्वयन इकाईबाट प्रतिवेदन कार्यान्वयनको क्रममा सम्बन्धित संस्थाहरुलाई दिइएका निर्देशनहरु पालन भए/नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने गरिएको छ । साथै, विनियमावलीमा व्यवस्था भए बमोजिम कार्यान्वयन प्रतिवेदन इकाईबाट त्रयमासिक रुपमा कार्यान्वयन प्रतिवेदन तयार गरिने गरिएको छ ।

१. **वित्त कम्पनीहरुका पदाधिकारीहरु उपर गरिएका केही प्रमुख काम कारवाहीहरु :**

१.१ जनरल फाइनान्स लिमिटेडका तत्कालिन संचालकहरु सिद्धिदास सायमी र कपुर प्रसाद वैजुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग) बमोजिम रु.५ लाख जरिवाना लगाउने एवं सोही ऐनको दफा १०० को उपदफा २ को खण्ड (ङ) बमोजिम संचालक पदबाट हटाउने निर्णय जानकारी गराइएको ।

१.२ वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेडका संचालक निरशंकर श्रेष्ठलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग) बमोजिम रु.५ लाख जरिवाना लगाउने एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १८ को उपदफा (१) को खण्ड (ढ) बमोजिम संस्थाको संचालक पदमा कायम रहन अयोग्य भएको निर्णय जानकारी गराइएको ।

१.३ वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेडका संचालक रमेशचन्द्र प्याकुरेललाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग) बमोजिम रु.५ हजार जरिवाना लगाउने एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १८ को उपदफा (१) को खण्ड (ढ) बमोजिम संस्थाको संचालक पदमा कायम रहन अयोग्य भएको निर्णय जानकारी गराइएको ।

१.४ वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेडका संचालकहरु राम श्रेष्ठ, भगवानदास मानन्धर, मधुसुदन प्रसाद सुवेदी, भीम बहादुर लामा, नवराज मुडभरी, केशव दास श्रेष्ठ र निरा गोर्खाली तथा महाप्रबन्धक रामभक्त पौडेललाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (क) अनुसार नसिहत दिइएको निर्णय जानकारी गराइएको ।

१.५ पिपल्स फाइनान्स लिमिटेडका संचालकहरु अशोक कुमार अग्रवाल र भोलानाथ पन्थलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग) बमोजिम रु.२ लाख जरिवाना लगाउने एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १८ को उपदफा (१) को खण्ड (ढ) बमोजिम संस्थाको संचालक पदमा कायम रहन अयोग्य भएको निर्णय जानकारी गराइएको ।

१.६ पिपल्स फाइनान्स लिमिटेडका मुख्य प्रबन्धक केशव प्रसाद भट्टराईलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) को खण्ड (ग) बमोजिम रु.२ लाख जरिवाना लगाउने निर्णय जानकारी गराइएको ।

२ नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लि., क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., क्रिष्टल फाइनान्स लि., कुबेर मर्चेन्ट फाइनान्स लि., हिमालय फाइनान्स लि., वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. र जनरल फाइनान्स लि. गरी जम्मा ७ वटा वित्त कम्पनीहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा भएको, शीघ्र सुधारात्मक कारवाही विनियमावली बमोजिम पिपल्स फाइनान्स लिमिटेडलाई कारवाहीमा

राखिएको । समस्याग्रस्त घोषणा भएका संस्थाहरुको रिजोलुसन डेस्क (Resolution desk) बाट निकट अनुगमन भैरहेको ।

# खण्ड (च)
# नीति, योजना र आन्तरिक प्रशासनसंग सम्बन्धित गतिविधि

# नीति, योजना र आन्तरिक प्रशासनसंग सम्बन्धित गतिविधि

तत्कालीन अवस्थामा रहेको वित्तीय संस्था सुपरिवेक्षण विभागलाई २०६८।०८।०१ मा विकास बैंक सुपरिवेक्षण विभाग तथा वित्त कम्पनी सुपरिवेक्षण विभागमा विभाजन गरिए बमोजिम विभागीय कार्य सम्पादन भइरहेको छ ।

१. **जनशक्ति :**

२०७० असार मसान्तमा अधिकृत स्तरका ४३, सहायक स्तरका १ र कार्यालय सहयोगीस्तरका २ जना गरी देहाय वमोजिमका ४६ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| कार्यकारी निर्देशक | | २४ | श्री प्रेमलाल ज्ञवाली |
| १ | श्री मनमोहन कुमार श्रेष्ठ | २५ | श्री राजेशप्रसाद शर्मा |
| निर्देशक | | २६ | श्री ताराप्रसाद ओझा |
| २ | श्री ख्यामनारायण ढकाल | २७ | श्री जगदिश प्रसाद ओझा |
| ३ | श्री भुवन कडेल | २८ | श्री रामकुमार के.सी. |
| ४ | श्री बलराम पराजुली | २९ | श्री प्रकाश श्रेष्ठ |
| उप-निर्देशक | | ३० | श्री संजिबकुमार झा |
| ५ | श्री रबिन्द्र कुमार खनाल | ३१ | श्री रामचन्द्र भट्टराई |
| ६ | श्री बलराम पौडेल | ३२ | श्री श्यामप्रसाद ढकाल |
| ७ | श्री रुद्र बहादुर घिमिरे | ३३ | श्री शिवप्रसाद पहारी |
| ८ | श्री राजेन्द्र भट्टराई | ३४ | श्री विष्णुप्रसाद उपाध्याय |
| ९ | श्री हरिप्रसाद सुवेदी | ३५ | श्री दिलबहादुर सुब्बा |
| १० | श्री लक्ष्मीप्रसाद प्रसाई | ३६ | श्री रविप्रकाश मजगैया |
| ११ | श्री सन्तोषकुमार घिमिरे | ३७ | श्री कुवेर थापा |
| १२ | श्री सुनिता श्रेष्ठ | ३८ | श्री हरिश्चन्द्र ढकाल |
| १३. | श्री तिलबहादुर गुरुङ्ग | ३९ | श्री पुरुषोत्तम खतिवडा |
| १४ | श्री रत्नेश्वरलाल कर्ण | ४० | श्री धीरेन्द्रकुमार आर.सी. |
| १५ | श्री कर्णगोपाल श्रेष्ठ | ४१ | श्री राजु श्रेष्ठ |
| १६ | श्री बुद्धराज शर्मा | ४२ | श्री शिवनाथ योगी |
| १७ | श्री निश्चल अधिकारी | | |
| सहायक निर्देशक | | सहायक निर्देशक (कम्प्युटर) | |
| १८ | श्री दीपक सापकोटा | ४३ | श्री बीरेन्द्रकुमार श्रेष्ठ |
| १९ | श्री मुकुन्दराज पौडेल | उप-सहायक | |
| २० | श्री दुर्गेशगोपाल श्रेष्ठ | ४४ | श्री मधु पुडासैनी |
| २१ | श्री हेमनाथ त्रिपाठी | कार्यालय सहयोगी | |
| २२ | श्री मोहनप्रसाद भट्टराई | ४५ | श्री शैलु जोशी |
| २३ | श्री काजीराम कार्की | ४६ | श्री सरस्वति अर्याल |

## २. वार्षिक कार्य योजना :

यस विभागको आर्थिक वर्ष २०६९।७० को वार्षिक कार्य योजनाको प्रगति विवरण देहाय अनुसार रहेको छ।

| सिनं | कार्य विवरण | भाराङ्क | प्रगति विवरण |
|---|---|---|---|
| १. | समस्टिगत स्थलगत निरीक्षण | १ | केही समस्याग्रस्त र शीघ्र सुधारात्मक कारवाहीमा परेका वित्त कम्पनी बाहेक अन्य सबैको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन भएको । |
| | १.१ समष्टिगत स्थलगत निरीक्षण - ७५ | | |
| | १.२ वित्त कम्पनीहरुको अनुगमन तथा विशेष निरीक्षण | | |
| २. | त्रयमासिक रुपमा समष्टिगत गैरस्थलगत सुपरीवेक्षण प्रतिवेदन तयार गर्ने । | १ | सम्पादन भैसकेको |
| ३ | गैरस्थलगत निरीक्षण तथा अनुगमन गर्ने । | १ | सम्पादन भैसकेको |
| ३.१ | अनिवार्य नगद मौज्दात अनुपात (CRR) को साप्ताहिक अनुगमन । | | |
| ३.२ | वैधानिक तरलता अनुपात (SLR) को मासिक अनुगमन । | | |
| ३.३ | विपन्न वर्ग कर्जा (Deprived Sector Lending) को त्रैमासिक अनुगमन । | | |
| ३.४ | वित्त कम्पनीहरुको पुंजी पर्याप्तता सम्बन्धमा मासिक अनुगमन । | | |
| ३.५ | वित्त कम्पनीहरुको कर्जा, निक्षेप, तरलता स्थिति लगायतका प्रमुख वित्तीय परिसुचकहरुको दैनिक तथा मासिक अनुगमन गर्ने । | | |
| ४. | वित्त कम्पनीहरुको साधारणसभा प्रयोजनका (AGM) लागि वार्षिक वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति दिने । | १ | संस्थाले साधारणसभा गर्न स्वीकृति माग गरे बमोजिम सबैलाई स्वीकृति दिइएको । |
| ५. | वित्त कम्पनीहरुको निरीक्षण प्रतिवेदन कार्यान्वयन गर्ने । | १ | सम्पादन भैसकेको |
| ६. | वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने । | १ | सम्पादन भैसकेको |
| थप कार्यहरु विशेष/विकासात्मक कार्यहरु) | | | |
| ७. | Liquidity Monitoring Framework लागू गर्ने । | | सम्पादन गरिने |
| ८. | विभागीय काम सम्बन्धी कागजातहरुलाई अद्यावधिक गर्ने एवम् काम नलाग्ने कागजात हटाउने । | | आन्तरिक प्रशासन र गैर स्थलगत इकाईको कागजात अद्यावधिक गरिएको । अन्य इकाईको काम बाँकी |
| ९. | समस्याग्रस्त वित्त कम्पनीको Problem Resolution को लागि Action Plan तयार गरी लागू गराउने । | | समस्याग्रस्त वित्त कम्पनीहरुको Problem Resolution को लागि Action Plan तयार गर्न उक्त संस्थाहरुबाट निक्षेप भुक्तानी तथा कर्जा असुली लगायतका व्यवसायिक योजना माग भै सोको अध्ययन भएको । |
| जम्मा | | ९ | |

# अनुसूचीहरू

अनुसूची १

## वित्त कम्पनीहरुको नामावली

२०७० असार मसान्त

| क.सं. | वित्त कम्पनीको नाम | प्रधान कार्यालय |
|---|---|---|
| १ | नेपाल आवास फाइनान्स लि. | नयाँबानेश्वर, काठमाडौं |
| २ | नेपाल फाइनान्स लि. पुतलीसडक, | कमलादी, काठमाडौं |
| ३ | एन.आइ.डि.सी.क्यापिटल मार्केट लि. | कमलपोखरी, काठमाडौं |
| ४ | नारायणी नेशनल फाइनान्स लि. | कालिकास्थान, काठमाडौं |
| ५ | नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि. | रामशाहपथ, काठमाडौं |
| ६ | पिपल्स फाइनान्स लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ७ | सिनर्जी फाईनान्स लि. | वुटवल |
| ८ | काठमाण्डौ फाइनान्स लि. | डिल्लीबजार,काठमाडौं |
| ९ | हिमालय फाइनान्स लि. | सुन्धरा, काठमाडौं |
| १० | युनियन फाइनान्स लि. | कमलादी, काठमाडौं |
| ११ | पश्चिमाञ्चल फाइनान्स कं. लि. | बुटवल, रुपन्देही |
| १२ | नेपाल हाउजिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लि. | डिल्लीबजार, काठमाडौं |
| १३ | गुडविल फाइनान्स लि. | हात्तीसार, काठमाडौं |
| १४ | सिद्धार्थ फाइनान्स लि. | सिद्धार्थनगर, रुपन्देही |
| १५ | श्रीइन्भेष्टमेण्ट एण्ड फाइनान्स कं. लि. | डिल्लीबजार, काठमाडौं |
| १६ | लुम्बिनी लिजिङ्ग एण्ड फाईनान्स कं. लि. | ठमेल, काठमाडौं |
| १७ | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं. लि. | नयाँ बानेश्वर, काठमाडौं |
| १८ | महालक्ष्मी फाइनान्स लि. | पुतलीसडक, काठमाडौं |
| १९ | ललितपुर फाइनान्स लि. | लगनखेल, ललितपुर |
| २० | युनाइटेड फाइनान्स लि. | दरवारमार्ग, काठमाडौं |
| २१ | जनरल फाइनान्स लि. | चाबहिल, काठमाडौं |
| २२ | प्रोग्रेसिभ फाइनान्स कं.लि. | न्यूरोड, काठमाडौं |
| २३ | नवदुर्गा फाइनान्स कम्पनी लि. | इताछें, भक्तपुर |
| २४ | जानकी फाइनान्स कम्पनी लि. | जनकपुरधाम, धनुषा |
| २५ | पोखरा फाइनान्स लि. | पोखरा, कास्की |
| २६ | सेन्ट्रल फाइनान्स लि. | कुपण्डोल, ललितपुर |
| २७ | प्रिमियर फिनान्स कम्पनी लि. | कुमारीपाटी, ललितपुर |
| २८ | अरुण फाइनान्स लि. | धरान, सुनसरी |
| २९ | मल्टीपरपोज फाइनान्स कं. लि. | राजविराज, सप्तरी |
| ३० | सृजना फाइनान्स लि. | विराटनगर, मोरङ्ग |
| ३१ | ओम फाइनान्स लि. | पोखरा, न्यूरोड |

| | | |
|---|---|---|
| ३२ | वर्ल्ड मचेंण्ट बैकिङ्ग एण्ड फाइनान्स कं. लि. | हेटौडा, मकवानपुर |
| ३३ | क्यापिटल मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि. | बत्तिसपुतली, काठमाडौं |
| ३४ | क्रिष्टल फाइनान्स लि. | बागदरवार, काठमाडौं |
| ३५ | गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि. | पुल्चोक, ललितपुर |
| ३६ | पाटन फाइनान्स लि. | पुल्चोक, ललितपुर |
| ३७ | फेवा फाइनान्स लि. | पोखरा, कास्की |
| ३८ | एभरेष्ट फाइनान्स लि. | सिद्धार्थनगर, रुपन्देही |
| ३९ | प्रुडेन्सीयल फाइनान्स कं. लि. | डिल्लीबजार, काठमाडौं |
| ४० | आईसिएफसी फाइनान्स लि. | भाटभटेनी, काठमाडौं |
| ४१ | सगरमाथा मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | मानभवन, ललितपुर |
| ४२ | सिभिल मर्चेन्ट वित्तीय संस्था लि. | कुलेश्वर, काठमाडौं |
| ४३ | प्रभु फाइनान्स कं. लि. | लैनचौर, काठमाडौं |
| ४४ | ईम्पेरीयल फाइनान्स लि. | थापाथली, काठमाडौं |
| ४५ | कुवेर मर्चेन्ट फाइनान्स लि. | कमलपोखरी,  काठमाडौं |
| ४६ | नेपाल एक्सप्रेस फाइनान्स लि. | सुन्धारा, काठमाडौं. |
| ४७ | भ्याली फाइनान्स लि. | महाराजगञ्ज, काठमाडौं |
| ४८ | सेती फाइनान्स लि. | टिकापुर, कैलाली |
| ४९ | हामा मर्चेण्ट एण्ड फाइनान्स लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ५० | रिलायबल फाइनान्स लि. | सुन्धारा, काठमाडौं |
| ५१ | नमस्ते वित्तिय संस्था लि. | घोराही, दाङ्ग |
| ५२ | कास्की फाइनान्स लि. | पोखरा, कास्की |
| ५३ | जेनिथ फाइनान्स लि. | न्यूरोड, काठमाडौं |
| ५४ | युनिक फाइनान्स लि. | पुतलीसडक, काठमाडौं |
| ५५ | मञ्जुश्री फाइनान्स इन्स्टिच्यूशन लि. | नयाँबानेश्वर, काठमाडौं |
| ५६ | शुभलक्ष्मी फाइनान्स लि. | नक्साल, काठमाडौं |
| ५७ | जेविल्स फाइनान्स लि. | न्यूरोड, काठमाडौं |
| ५८ | रिलायन्स फाइनान्स लिमिटेड | प्रदर्शनीमार्ग, काठमाडौं |
| ५९ | लोटस इन्भेष्टमेण्ट फाइनान्स लि. | न्यूरोड, काठमाडौं |
| ६० | भक्तपुर फाइनान्स कं. लि. | च्यामसिंह, भक्तपुर |